# सातौं अध्याय :
## नेपाली सवाई काव्यको मूल्याङ्कन

# सातौँ अध्याय

## ७. नेपाली सवाई काव्यको मूल्याङ्कन

### ७.१. *नेपाली सवाई काव्यको मूल्याङ्कन :*

नेपाली सवाई काव्यको थालनीदेखि शिथिल कालसम्म (वि.सं. १९०० देखि २००० सम्म) मोटामोटी एक शताब्दीभित्र रचित, प्रकाशित एवम् उपलब्ध सवाई काव्यहरू मध्ये सत्रवटा सवाई काव्यको विश्लेषणात्मक अध्ययन यस शोध-प्रबन्धको चौथो अध्यायमा प्रस्तुत गरिएको छ। अवशिष्ट सवाई काव्यहरूको परिचयात्मक चर्चा चाहिँ तेस्रो अध्यायमा गरिएको छ। उपर्युक्त विश्लेषण-विवेचनअनुसार उक्त सत्रवटा काव्यहरू निम्न लिखित गुणस्तरका रहेका देखिन्छन् :

| क्र.सं. | सवाई काव्य | रचनाकार | रचनाकाल | गुणस्तर |
|---|---|---|---|---|
| १ | भोटको लडाइँको सवाई | बाग्दल डाँगी | १९१२ | निम्न मध्यम |
| २ | जङ्गबहादुरको सवाई | नरबहादुर राना मगर | १९३३ | निम्न मध्यम |
| ३ | मनिपुरका लडाइँको सवाई | तुलचन आले | १९५० | सामान्य |
| ४ | ब्रह्मतत्त्वको सवाई | बबगुनी गुरुङ् | १९५० | सामान्य |
| ५ | अब्बर पहाडको सवाई | धनवीर भण्डारी | १९५१ | निम्न मध्यम |
| ६ | शिलाङ्का भैँचालाको सवाई | " " " | १९५४ | सामान्य |
| ७ | चरीको सवाई | मनिराज शाही | १९५७ | सामान्य |
| ८ | राजा भरथरीको सवाई | प्रतिमान लामा | १९५८-६० | सामान्य |
| ९ | भक्तिको सवाई | शूरवीर गुरुङ् | १९५८ | सामान्य |
| १० | सासू-बुहारीको झगडाको सवाई | अमृत सिँजापति | १९६० | सामान्य |
| ११ | अछामको सवाई | कृष्णबहादुर उदास | १९६५ | अति सामान्य |
| १२ | नागाहिलको सवाई | गजवीर राना | १९७० | सामान्य |
| १३ | खिकामाछा जलेको सवाई | हर्षराज बाँडा | १९७८ | सामान्य |
| १४ | अम्बलका बैगुनको सवाई | डा. मणिराज वर्मा | १९८२ | सामान्य |
| १५ | नब्बे सालको भैँचालाको सवाई | पदमबहादुर खत्री | १९९१ | सामान्य |
| १६ | नब्बे सालको भैँचालाको सवाई | खडानन्द शर्मा | १९९२ | सामान्य |
| १७ | भैँचालाको सवाई | जीवनाथ काफ्ले | १९९२ | सामान्य |

यसरी वि.सं. १९०० देखि २००० सम्मको एक शताब्दी व्यापी समयावधि भित्र रचित, प्रकाशित एवम् उपलब्ध नेपाली सवाई काव्यहरू मध्ये सत्रवटा सवाई काव्यहरूको विश्लेषण एवम् विवेचन गर्दा तीनवटा सवाई काव्यहरू निम्न मध्यम गुणस्तरका पाइएका छन् भने तेह्रवटा सामान्य गुणस्तरका र एक सवाई अति सामान्य गुणस्तरको पाइएको छ। प्रस्तुत अध्यायमा तिनका प्रमुख विशेषताहरूको संक्षेपमा चर्चा-विवेचना गरिएको छ।

#### ७.१.१. *भोटको लडाइँको सवाई :* (१९१२)

नेपाली लोकलयप्रधान सवाई छन्द-शैलीमा रचिएको जेठो नेपाली सवाई काव्य हो *भोटको लडाइँको सवाई*। यो ऐतिहासिक विषय वा घटनाप्रधान सवाई काव्य पनि हो। त्यसैले सवाई काव्य परम्परामा यसको एउटा छुट्टै ऐतिहासिक महत्व छ। यसमा वि.सं. १९१२ मा नेपाल-भोटका बीच भएको ऐतिहासिक युद्धमा नेपाली सेनाले विजय गरेको गौरव गाथा प्रस्तुत गरिएको छ। सवाईकार बाग्दल डाँगीले यस काव्यमा कथ्य एवम् गेय भाषामा विषयवस्तुको रोचक वर्णन प्रस्तुत गरेका छन्। यस सवाई काव्यमा प्रयुक्त भाषा-शैली पुराना ढाँचाको रहेको पाइन्छ र यसमा परिस्कार र

परिमार्जनको अपेक्षा रहेको देखिन्छ । यसको विषय वा भावविधान साधारणतः विन्यस्त नै रहेको पाइन्छ तापनि शैली पक्ष चाहिँ त्यति उल्लेखनीय बन्न सकेको अनुभव हुँदैन । यसरी भावपक्ष र कलापक्ष बीच राम्रो सन्तुलन हुन सेकेको नपाइने हुनाले यसको काव्य गुणस्तरले पनि मध्यम विन्दु स्पर्श गर्न सकेको अनुभव हुँदैन । त्यसैले यसलाई निम्न-मध्यम गुणस्तरीय सवाई काव्य भन्नुपर्ने स्थिति रहेको छ । तर यसैबाट नेपाली सवाई काव्यको परम्परा थालिएको हुनाले र नेपाली सवाई काव्यहरू मध्ये जेठो भएको हुनाले यसको आफ्नो एउटा छुट्टै ऐतिहासिक महत्व चाहिँ रहेको छ ।

७.१.२. *जङ्गबहादुरको सवाई :* (१९३३)

नेपाली लोकलयप्रधान सवाई छन्द-शैलीमा नरबहादुर राना मगरद्वारा रचिएको ***जङ्गबहादुरको सवाई*** तत्कालीन नेपालका महत्त्वपूर्ण व्यक्तिको शोकावह मृत्युसम्बन्धी ऐतिहासिक घटनामा आधारित शोक भावप्रधान सवाई काव्य हो । नेपालको मध्य तराईमा पर्ने पत्थरघट्टमा मृगयाका निम्ति गएका तत्कालीन नेपालका प्रधानमन्त्री जङ्गबहादुरको हृदयगति रुद्ध भई अचानक मृत्यु भएपछि जङ्गबहादुरका तीनवटी रानी सती गएको घटनाको वर्णनदेखि लिएर रणोद्दीपसिंहलाई प्रधानमन्त्री पदमा आसीन गराएको र उनको सिन्दुरयात्रा पनि गराएसम्मको विषयवस्तुलाई यस सवाईमा प्रस्तुत गरिएको छ । त्यसैले यस सवाईको अन्त्यमा हर्ष र विस्मातको सङ्गम हुन सकेको पाइन्छ । गेय वा कथ्य भाषामा काव्यको प्रस्तुतीकरण गरिएको प्रस्तुत सवाई काव्यको वस्तु संयोजन भने त्यत्ति कसिलो वा विन्यस्त रहेको र प्रवाहपूर्ण पनि बन्न सकेको पाइन्न । परिस्कार परिमार्जनको कमी खट्किने ***जङ्गबहादुरको सवाई*** भाव वा विषयवस्तुको सुसंयोजनका दृष्टिले पनि त्यति गहकिलो बन्न सकेको पाइन्न भने भाषिक रमणीयताका दृष्टिले पनि उल्लेख्य देखिन्न । ऐतिहासिक दृष्टिले आफ्नै महत्व राख्ने ***जङ्गबहादुरको सवाई*** काव्य गुणस्तरका दृष्टिले चाहिँ निम्न-मध्यम गुणस्तरको काव्य रहेको छ ।

७.१.३. *मनिपुरका लडाइँको सवाई :* (१९५०)

बृटिश-गोर्खा फौज एवम् मणिपुरका राजा जोगराज बीच १९५० सालमा भएको युद्ध घटनामा आधारित ***मनिपुरका लडाइँको सवाई*** नेपाली लोकलयप्रधान सवाई छन्दमा रचिएको ऐतिहासिक युद्ध विषयप्रधान सवाई काव्य हो । वीरोचित ओजस्वीताको अभाव, विषयवस्तुको प्रतिपादनमा शिथिलता, आलङ्कारिक-प्रतीकात्मक भाषा-शैलीको अभाव र अपरिस्कृत-अपरिमार्जित आदिका दृष्टिले प्रस्तुत सवाई काव्य त्यति स्मरणीय बनेर स्मरणीय बन्न सकेको पाइन्न र यसको भाव, भाषा र अभिव्यक्ति पनि त्यति प्रभावकारी रहेको पाइन्न । काव्य-सौन्दर्यका दृष्टिले पनि ***मनिपुरका लडाइँको सवाई*** टुहुरो प्रतीत हुन्छ । वस्तुतः यसको कवित्वले पनि सामान्य रेखा पार गरेर मध्यम विन्दु स्पर्श गर्न सकेको अनुभव हुँदैन । त्यसैले ***मनिपुरका लडाइँको सवाई*** नेपाली काव्य परम्परामा सामान्य गुणस्तरको सवाई काव्य रहेको छ ।

७.१.४. *ब्रह्मतत्त्वको सवाई :* (१९५०)

धार्मिक, आध्यात्मिक तथा नीति-उपदेशात्मक काव्य-परम्परालाई अँगालेर आख्यान निरपेक्ष ढाँचामा रचित बबगुनी गुरुङ्को ***ब्रह्मतत्त्वको सवाई***मा महामति प्राणनाथ प्रणीत कृष्णप्रणामी पन्थद्वारा निर्देशित क्षर, अक्षर तथा अक्षरातीत ब्रह्मको चिन्तनसम्बन्धी गहिरो तथा गहकिलो मतादर्शलाई नेपाली लोकलयप्रधान सवाई छन्द-शैलीको माध्यमद्वारा प्रतिपादन गर्ने प्रयास गरिएको छ । प्रस्तुत सवाईमा सांसारिक प्राणी मनुष्यले क्षणिक सुख प्राप्तिका निम्ति लौकिक एवम् भौतिक विषय-वासनादिमा आशक्त हुनुभन्दा ब्रह्मज्ञानी बनी मोक्ष वा परमपद प्राप्त गर्ने र सच्चिदानन्द स्वरूप सुखको चिरानुभूति गर्नेतर्फ उन्मुख हुनुपर्दछ भन्ने उच्च एवम् विचार व्यक्त हुन सकेको पाइन्छ । तर ठाउँ-ठाउँमा विचारको पुनरावृत्तिले गर्दा काव्यगत भाव-सघनता कुण्ठित हुनुका साथै विषयवस्तुगत विन्यास्तताको कमी, परम्परागत अलङ्कारादिको प्रयोग, भाषिक परिमार्जनको अभाव, विभाषीय एवम् दुर्बोध्य शब्दावलीको बहुलता आदिले गर्दा ***ब्रह्मतत्त्वको सवाई***ले काव्यात्मक उच्चता

भने प्राप्त गर्न सकेको पाइन्न। कलात्मक एवम् रागात्मक दृष्टिले प्रस्तुत *ब्रह्मतत्त्वको सवाई* त्यति सम्प्रेस्य, संवेद्य बन्न सकेको अनुभव हुँदैन । त्यसैले *ब्रह्मतत्त्वको सवाई* नेपाली सवाई काव्य परम्परामा काव्य गुणस्तरका दृष्टिले सामान्य गुणस्तरको सवाई रहेको पाइन्छ ।

### ७.१.५. *अब्बर पहाडको सवाई* : (१९५१)

बाग्दल डाँगीको ***भोटको लडाइँको सवाई*** (१९१२) र तुलचन आलेको ***मनिपुरका लडाइँको सवाई*** (१९५०) जस्ता युद्ध घटनामा आधारित सवाई काव्यका श्रृङ्खलाकै तेस्रो कडीका रूपमा रचिएको धनवीर भण्डारीको ***अब्बर पहाडको सवाई*** हाल भारतको अरुणाचल प्रदेशभित्र पर्ने अब्बर पहाडी जाति र इष्ट-इण्डिया कम्पनीको अधीनस्थ ४४ बृटिश-गोर्खा फौजका बीच सन् १८९४ मा भएको ऐतिहासिक सङ्घर्षको लोकलयात्मक काव्य प्रस्तुति हो । युद्धका क्रममा घट्ने विभिन्न रोचक तथा साहसिक घटनावली, शत्रु पक्षको प्रतिकार-मानमर्दन र पराजयको वर्णन तथा बृटिश-गोर्खा फौजका जवानहरूको वीरत्व-प्रदर्शन आदि यस सवाई काव्यका मुख्य विशेषता रहेका पायन्छन् । तर वस्तु-श्रृङ्खलाको सुसंयोजन वा विन्यस्तताको अभाव, छन्द-लय विधानमा सरलता, सरसता र स्वाभाविकताको कमी; आलङ्कारिक पदावलीहरूको कमी; नवीनता, मौलिकता एवम् भाषिक परिस्कार-परिमार्जनको कमी आदिले गर्दा धनवीर भण्डारीको ***अब्बर पहाडको सवाई***मा काव्यगत रस माधुर्य अपेक्षित मात्रामा अभिव्यञ्जित हुन सकेको पाइन्न । ठाउँ ठाउँमा योद्धाहरूद्वारा प्रदर्शित साहसिकताको वर्णन र एकाध रोचक प्रसङ्गहरू तथा भावाभिव्यञ्जक अनुप्रासीयता आदिले गर्दा केही प्रभावकारी बन्न सकेको पाइए तापनि काव्य-सौन्दर्य आदिका दृष्टिले चाहिँ प्रस्तुत ***अब्बर पहाडको सवाई*** नेपाली सवाई काव्य परम्परामा निम्न-मध्यम गुणस्तरीय सवाई काव्य रहेको पाइन्छ ।

### ७.१.६. *शिलाङ्का भैँचालाको सवाई* : (१९५४)

***शिलाङ्का भैँचालाको सवाई*** वा ***भैँचालाको सवाई*** (पहिलो भाग) नेपाली काव्य परम्परामा भैँचालो जस्तो प्रकृतिसृस्ट दुर्घटनालाई विषयवस्तु वनाएर रचिएको सवाई काव्य हो । यस सवाई काव्यमा १९५४ सालमा शिलाङ् शहरमा गएको घातक भैँचालाले शिलाङ्स्थित बृटिश-गोर्खा फौजको मुख्यालय तहस नहस पारेको, छाउनीका गोरा अफिसरहरूको बिल्लिबाठ भएको, असङ्ख्य शहरवासी र ग्रामवासीहरूको अकाल मृत्यु भएको तथा बाँचेकाहरूले पनि अवर्णनीय दुःख पाएको कुरा नेपाली लोकलयप्रधान सवाई छन्दमा मार्मिक ढङ्गले प्रस्तुत हुन सकेको छ । भैँचालाले गगनचुम्बी महलहरू पलभरमा धराशायी भएका, पुल-पुलेसाहरू भत्केर सडक यातायात अवरुद्ध भएको, खोला-नालाले गतिपथ बदलेर क्षति पुऱ्याएको, ताल (वार्डस्लेक) झीलहरूको पृष्ठभाग माथि उठेर र किनार भत्केर पानी छताछुल्ल भएको तथा दूर-दराजका शहर-बजार समेत यस भैँचालाका चपेटामा क्षतिग्रस्त भएको घटनाहरूलाई ***शिलाङ्का भैँचालाको सवाई***मा सवाईकारले रोचक एवम् सूचनाप्रद शैलीमा प्रस्तुत गरेको पाइन्छ । सवाईको घटना वर्णन प्रसङ्गमा समायोजित एकाध अवान्तर प्रसङ्गहरू तथा एकाध प्रसङ्गहरूको पुनरावृत्ति, काव्यमा हुनुपर्ने सरलता, सहजता, सरसता र स्वाभाविकता आदिको कमी; लयात्मक, कलात्मक पदावलीहरूको कमी आदिले गर्दा ***शिलाङ्का भैँचालाको सवाई*** त्यति रमणीय सवाई काव्य बन्न सकेको पाइन्न । त्यसैले काव्य गुणस्तरका दृष्टिले ***शिलाङ्का भैँचालाको सवाई*** सामान्य गुणस्तरको सवाई काव्य रहेको छ ।

### ७.१.७. *चरीको सवाई* : (१९५७)

मनिराज शाहीको ***चरीको सवाई*** नेपाली प्राकृतिक परिदृश्यभित्र विद्यमान् चराचुरुङ्गीको परिचयका माध्यमद्वारा नेपाली समाजमा प्रचलित विवाह जस्तो सामाजिक-सांस्कृतिक कार्यक्रमको पनि सुन्दर समानान्तर झाँकी प्रस्तुत गरिएको शिक्षासुलभ लोकप्रिय सवाई काव्य हो । छोटो काव्य-कलेवर, रोचक शब्दावलीको प्रयोग, विहगावलीको सूचनाप्रद एवम् शिक्षाप्रद चिनारी यसका सामान्य विशेषता रहेका पाइन्छन् । तर एकाध दुर्बोध तथा अप्रसिद्ध शब्दावलीको प्रयोग, विषयवस्तुको कृत्रिमता, परम्परागत काव्य-शैली, एकाध पुनरुक्ति दोष, अपेक्षित रस परिपाकको अभाव आदि

*चरीको सवाई*को कवित्वमा उत्कर्षका निम्ति वाधक रहेका देखिन्छन् । यसको भाषा-शैली साधारणत: सरल र सहज रहेको पाइन्छ तापनि हार्दिकता र रमणीयताको चाहिँ थोरैमात्र निर्वाह हुन सकेको अनुभव हुन्छ । आलङ्कारिक पदावली र पदालालित्य आदिका दृष्टिले पनि *चरीको सवाई* त्यति रमणीय बन्न सकेको देखिन्न । त्यसैले कलात्मक एवम् रागात्मक पक्षका दृष्टिले वा काव्य सौन्दर्यका दृष्टिले *चरीको सवाई* नेपाली सवाई काव्य परम्परामा सामान्य स्तरको सवाई काव्य नै रहेको पाइन्छ ।

७.१.८. *राजा भरथरीको सवाई* : (१९५८)

*राजा भरथरीको सवाई* समाजमा प्रचलित राजा भरथरीको लोकप्रिय गाथामा आधारित वैराग्य भावप्रधान सवाई काव्य हो । प्रतिमान यसका रचनाकार हुन् । जीवन-जगतको अनित्यता, क्षणभङ्गुरता बोध गराइएको प्रस्तुत सवाईको विषयवस्तु उच्च, उदात्त एवम् प्रेरणाप्रद रहेको छ र धार्मिक, आध्यात्मिक तथा वैराग्य भावप्रधान नेपाली सवाई काव्य श्रृङ्खलामा अग्रणी मान्न मिल्ने देखिन्छ तापनि प्रस्तुत सवाईको भाषिक प्रयोग केही नीरस प्रकारको रहेको, र अलङ्कार-विम्बादि पनि पारम्परिक वा सामान्य किसिमका रहेका पाइन्छन् । यसको विषयवस्तु रोचक भए तापनि प्रस्तुतीकरण सामान्य रहेको पाइन्छ भने भाव, भाषा र अभिव्यक्ति आदिमा पनि सरलता, सहजता, कोमलता वा हार्दिकता झल्कन सकेको अनुभव हुँदैन । भाव प्रवहणका दृष्टिले पनि प्रस्तुत सवाईमा स्वत: स्फूर्तता एवम् मौलिकताको अभाव रहन गएको पाइन्छ । त्यसैले *राजा भरथरीको सवाई* प्रवाहमय, आह्लादकारी तथा प्रभावकारी बन्न सकेको अनुभव हुँदैन । सांसारिक जीवनप्रति तीब्र विमोह प्रदर्शन गर्ने भएको हुनाले प्रस्तुत सवाईमा समाजका सबैका निम्ति ग्राह्य नभई आदर्शमा निहित तथा अव्यावहारिक विषयवस्तु अँगालिएको पाइन्छ । अत: सहृदय पाठकका हृदयको अन्त:स्तललाई छोएर भाव-समुद्रलाई तरङ्गित पार्न अक्षम *राजा भरथरीको सवाई* नेपाली सवाई काव्य परम्परामा सामान्य गुणस्तरको सवाई काव्य रहेको पाइन्छ ।

७.१.९. *भक्तिको सवाई* : (१९५८)

मानवीय मूल्य-मान्यता, आध्यात्मिक चिन्तन-मनन, हार्दिकता र नैतिकता आदिबाट पथच्यूत हुन लागी रहेका कलीयुगी मानिसहरूलाई भगवत् भक्तिको सहज एवम् सत्मार्ग निर्देशन गर्न नेपाली लोकलयप्रधान सवाई छन्द-शैलीमा शूरवीर गुरुङ्द्वारा रचिएको *भक्तिको सवाई* नैतिक, धार्मिक एवम् आध्यात्मिक सन्देशमा आधारित नेपाली सवाई काव्य हो । *भक्तिको सवाई*ले अङ्गीकार गरेको भाव-विचार उच्च-उदात्त हुँदा-हुँदै पनि यसको भाव-विधान त्यत्ति श्रृङ्खलित वा विन्यस्त रहेको पाइन्न । सवाईमा कथ्य विषयलाई सम्प्रेष्य, संवेद्य र प्रभावकारी बनाउन सक्ने भाषा एवम् छन्द-शैलीको अभाव; सरल-सहज र स्वाभाविक अभिव्यक्तिको कमी; शिल्पपक्ष एवम् भावपक्ष बीच उचित सन्तुलनको अभाव आदिले गर्दा *भक्तिको सवाई* त्यति स्मरणीय हुन सकेको पाइन्न । कलात्मकता, रागात्मकता वा काव्य सौन्दर्यका दृष्टिले पनि *भक्तिको सवाई* समृद्ध, सम्पन्न हुन सकेको पाइन्न । त्यसैले गुणस्तरका दृष्टिले *भक्तिको सवाई* सामान्य गुणस्तरीय नेपाली सवाई काव्य रहेको पाइन्छ ।

७.१.१०. *सासू-बुहारीको झगडाको सवाई* : (१९६०)

सामाजिक-पारिवारिक विषयवस्तुमा आधारित *सासू-बुहारीको झगडाको सवाई*मा घर-परिवारभित्र देखा पर्ने अन्तर्कलहबाट काव्य बस्तुको प्रारम्भ गरेर सवाईकार अमृत सिँजापति बानीँया छेत्रीले घर-समाजका व्यवहारहरूमा चाहिँदो सुधार-संस्कार गरेर नैतिक एवम् सामाजिक मर्यादाको पालन गर्न सके घर-समाजमा शान्ति-सुरक्षा हुनसक्छ भन्ने सत्विचार प्रकट गरेका छन् । नेपाली लोकलयप्रधान सवाई छन्द-शैलीमा रचिएको यस सवाई काव्यको भाषा-शैली लोक-काव्य अनुकूल रहेको, विषयवस्तु पनि मौलिक रहेको र छन्द-शैली पनि स्वाभाविक रहेको पाइन्छ । यसको कथन-शैली व्यङ्ग्यप्रधान रहेको पाइए तापनि शिल्प-सौन्दर्य तथा भाव-सौन्दर्यका बीच समुचित

सन्तुलनको अभाव रहेको पाइने हुनाले यसको भाव प्रवहण क्षुण्ण हुन पुगेको पाइन्छ र काव्यमा गतिमयता आउन सकेको पाइन्न । यसका अतिरिक्त आयामगत विस्तारको कमीले गर्दा पनि *सासू-बुहारीको झगडाको सवाई*को रसमाधुर्यसमेत कुण्ठित भएको अनुभव हुन्छ । काव्यात्मक उच्चता, उदात्तता, हार्दिकता आदिका दृष्टिले पनि *सासू-बुहारीको झगडाको सवाई* त्यति उल्लेख्य बन्न सकेको अनुभव हुँदैन । त्यसैले काव्य-गुणस्तरका दृष्टिले *सासू-बुहारीको झगडाको सवाई* सामान्य गुणस्तरीय सवाई काव्य रहेको पाइन्छ ।

### ७.१.११ *अछामको सवाई :* (१९६५)

पूर्वाञ्चल भारतको असम प्रान्तमा बसोवास गरिरहेका नेपालीहरूको सामाजिक तथा आर्थिक अवस्थाको वर्णन गरिएको कृष्णबहादुर उदासको *अछामको सवाई* झिनो आख्यान अँगालेर रचिएको सवाई काव्य हो । राणाकालीन नेपालमा आर्थिक सङ्कटमा परी गाँस, वास र कपास एवम् कर्मसंस्थानको खोजीमा भौँतारिदै सुदूर आसाममा पुगी त्यहाँका अटव्य अरण्य फाँडेर जीवन धान्न वाध्य भएका नेपालीहरूले त्यहाँ पनि कैयाँ-व्यापारी र साहु-महाजनहरूको शोषणको शिकार बन्नु परेको यथार्थलाई सवाईकारले *अछामको सवाई*मा प्रस्तुत गरेको पाइन्छ । नौलो ठाउँका नौला व्यवहार तथा नौलो जीवन पद्धतिको वरण गर्नुपरेको सन्दर्भ वर्णन गर्दा सवाईकार सहानुभूतिशील एवम् द्रवीभूत बन्न पुगेका देखिन्छन् तापनि कमजोर भाषा-शैलीको प्रयोगले गर्दा प्रस्तुत सवाईले पाठक वा श्रोताको मनमा संवेदना जागरित गराउन सकेको पाइन्न । यसका अतिरिक्त प्रस्तुत सवाई काव्यमा सरलता, सहजता, सरसता, स्वाभाविकता एवम् हार्दिकता, रमणीयता जस्ता काव्य-गुणहरूको कमी रहेको पाइन्छ । यति मात्र होइन प्रस्तुत सवाईका एकाध स्थलमा लय-प्रवाह अवरुद्ध भई भाव प्रवहणमा वाधा पर्न गएको पनि पाइन्छ । यसको भाष-शैली र छन्द-शैली पनि परिष्कृत-पारिमार्जित रहेको पाइन्न । विचार प्रवाहमा समुचित सन्तुलन हुन नसक्नु, विषयगत भाव-श्रृङ्खला पनि बीच-बीचमा क्षुण्ण हुनु तथा वर्णनमा तीव्रता, कुतुहलता नहुनु र काव्यमा अपेक्षित रसानुभूति समेत स्पष्ट हुन नसक्नु जस्ता कमी-कमजोरीले गर्दा *अछामको सवाई* अति सामान्य गुणस्तरीय काव्य रहेको पाइन्छ ।

### ७.१.१२. *नागाहिलको सवाई :* (१९७०)

भारतको पूर्वाञ्चलस्थित नागाहिल (हाल नागाल्याण्ड)का अधिवासी नागाहरू र इष्ट-इण्डिया कम्पनीका बृटिश-गोर्खा फौज वीच भएको (सन् १९१३) युद्धको योद्धा सिपाही गजबीर राना मगरद्वारा नेपाली लोकलयप्रधान सवाई छन्दमा रचिएको *नागाहिलको सवाई* आख्यान सम्पृक्त ऐतिहासिक युद्ध विषयप्रख्यान सवाई हो । युद्ध वर्णनका साथै यस सवाईकाव्यमा सवाईकार राणा मगरले नेपालीहरूको कमजोर र आर्थिक-सामाजिक स्थितिको वर्णन र नेपालीहरूको सरल एवम् इमान्दारी चरित्रमा प्रकाशित पारेका छन् । तर विदेशीमूलका शब्दहरूको प्रयोग, नेपाली भाषाको पुरानो ढाँचाको अनुकरण, भाषा-शैलीमा परिस्कार-परिमार्जनको अभाव र हार्दिकता, कोमलता तथा स्वाभाविकताको कमी *नागाहिलको सवाई*का ठूला कमजोरीहरू हुन् । यस सवाईका सवाईकारले प्रयोग गरेको छन्द-शैली सालाखाला लयात्मक रहेको छ तापनि यसमा सहजता, सरलता र स्वतः स्फूर्तताको निर्वाह भने हुन सकेको पाइन्न । एकाध ठाउँमा योद्धाहरूले प्रदर्शन गरेको साहसिकता वा वीरताको वर्णन पाइन्छ तापनि त्यसमा रोचकता प्रभावकारिता एकोन्मूखता तथा तीव्रता पाइन्न । रमणीय तत्त्वको अनुपस्थिति र आवश्यकीय आदर्श काव्य-नायकको अनुपस्थिति अनुभव हुने यस *नागाहिलको सवाई*मा भाव पक्ष र कलापक्षबीच आवश्यक सन्तुलनको हुन सकेको पाइन्न र यस सवाईमा वीर रसको समुचित आस्वादन पनि कम नै हुन सकेको पाइन्छ । अतः प्रस्तुत *नागाहिलको सवाई* पनि काव्य गुणस्तरका दृष्टिले सामान्य सवाईकाव्य रहेको पाइन्छ ।

### ७.१.१३. *खिकामाछा जलेको सवाई :* (१९७८)

वि.सं. १९७८ को जेठ महिनामा भोजपुर टक्सार नजिकै रहेको सानो लघु-उद्योग केन्द्र खिकामाछा बजारमा कुनै एक चञ्चल वा अबोध बालकको असावधानले आगलागी हुँदा सारा बजार

जलेर खरानी भएको र बजारका बसोवास गर्ने व्यापारी, साहु-महाजन तथा सामान्य मानिस र घरपालुवा पशुपन्छीहरूको विचल्नी भएको दुःखद घटनालाई नेपाली लोकलयप्रधान सवाई छन्द-शैलीमा प्रस्तुत गरिएको काव्य-वर्णन *खिकामाछा जलेको सवाई* हो । आगलागी भएकाले विपुल धन-जनको हानि-नोक्सानी भएको दुःखद घटनाको प्रत्यक्ष विवरण रहेको *खिकामाछा जलेको सवाई* नेपाली सवाई काव्य परम्परामा आगलागी जस्तो दैवी दुर्घटनामा आधारित एक मात्र प्राप्त सवाई काव्य हो । परम्परागत सामान्य भाषा-शैली एवम् छन्द-शैलीमा रचिएको यस *खिकामाछा जलेको सवाई*को भाव वा वस्तु विधान त्यति सुसङ्गठित रहेको पाइन्न भने यसको भाषा एवम् छन्द-शैली पनि रमणीय रहेको पाइन्न । कलात्मक एवम् रागात्मक तत्त्वका दृष्टिले पनि *खिकामाछा जलेको सवाई* टुहुरो प्रतीत हुन्छ । त्यसैले भाव, भाषा, भाववाभिव्यक्ति, लय-लालित्य, कवित्व, काव्य-सौन्दर्य आदिका दृष्टिले *खिकामाछा जलेको सवाई* नेपाली सवाई काव्य परम्परामा सामान्य गुणस्तको सवाई काव्य रहेको पाइन्छ ।

### ७.१.१४. अम्बलका बैगुनको सवाई : (१९८२)

गाँजा, भाङ, सूर्ती, बिँडी, धतुरो र जाँड-रक्सी आदि मादक पदार्थहरूको अम्बल वा दुर्व्यसनका दुष्परिणामहरूको वर्णन गरेर समाजका आबाल-वृद्ध-वनिता कोही पनि त्यस्ता कुलतमा नफसुन् भन्ने विचार वा उद्देश्यले काशीका डा. मणिराम वर्माले सन् १९२५ मा नेपाली लोक लयप्रधान सवाई छन्द-शैलीमा रचित *अम्बलका बैगुनको सवाई* समाजिक, नैतिक एवम् अर्ती-उपदेशप्रधान सवाई काव्य हो । एकाध अन्तर्वर्ती सूक्ष्माख्यानहरू समावेश गरेर तथ्यपूर्ण बनाउने प्रयास गरिएको यस सवाईमा वस्तुगत तथ्यहरू प्रस्तुत गरी अम्मल गर्ने बानीका नकारात्मक पक्षहरू देखाउने प्रयत्न भएको छ । यसरी दुव्यर्सनका नराम्रा पक्षहरूलाई समाजका पठित-अपठित सबै जनस्तरसम्म पुऱ्याउने अपेक्षाले डा. वर्माले *अम्बलका बैगुनको सवाई*को रचना गरेका बुझिन्छ । विषयवस्तु चयनमा केही नवीनता पाइए तापनि प्रस्तुत सवाईको भाषा एवम् छन्द-शैली, अलङ्कार विधान वा प्रतीक योजना आदि पुरानै परम्पराबाट माथि उठ्न सकेको पाइन्न । सवाईकारले वस्तुवर्णनलाई रोचक र प्रभावकारी पार्न एकाध उदाहरणहरू प्रस्तुत गरेको पाइन्छ तापनि आलङ्कारिक पदावली, लाक्षणिक-व्यञ्जनात्मक वा ध्वन्यात्मक अभिव्यक्ति आदिको चाहिँ प्रस्तुत सवाई काव्यमा हुन सकेको पाइन्न । तर पूर्णतः प्रचारात्मकता झल्कने यो सवाई काव्य भाव-सौन्दर्य र कलात्मक एवम् रसात्मक दृष्टिले पनि समृद्ध-सम्पन्न रहेको र उल्लेखनीय बन्न सकेको पाइन्न । प्रस्तुत *अम्बलका बैगुनको सवाई*मा सवाईकारको विषयवस्तु प्रस्तुतीकरणको तीव्र एषणाले विविध प्रसङ्गहरू समावेश गर्ने प्रबल प्रयासमा काव्यको प्राण रमणीयता नै म्लान हुन पुगेको पाइन्छ र काव्य-गुणस्तर सामान्यभन्दा माथि उठ्न सकेको बोध हुँदैन । त्यसैले काव्य-गुणस्तरका दृष्टिले नेपाली सवाई काव्य परम्परामा प्रस्तुत *अम्बलका बैगुनको सवाई* सामान्य गुणस्तरको सवाई काव्य रहेको पाइन्छ ।

### ७.१.१५. नब्बे सालको भैँचालाको सवाईहरू : (१९९१-'९२)

वि.सं. १९९० माघ महिना २ गतेका दिन नेपाल तथा भारतको उत्तर पूर्वाञ्चल कम्पायमान पार्दै गएको विध्वंशकारी महाभूकम्पलाई विषयवस्तु बनाएर रचना गरिएका भूकम्पसम्बन्धी उल्लेख्य नेपाली सवाई काव्य हुन् । खडानद शर्माको *नब्बे सालको भैँचालाको सवाई*, पद्मबहादुर खत्रीको *नब्बे सालको भैँचालाको सवाई* र जीवनाथ काफ्लेको *भैँचालाको सवाई* नेपालको एकांश र दार्जिलिङ्का मेग्दल, सिध्राबुङ् रेल्वे स्टेशन, राजबाडी, जलपाहाड, तीनधारे तथा बिहारका पटना, मुङ्गेर, समस्तीपुर, मधुवनी, पूर्णियाँ, भागलपुर, मोतिहारी अनि चम्पारन आदि शहरमा भैँचालाले पुऱ्याएको हानि-नोक्सानीको काव्यात्मक वर्णन गरेका छन् । पद्मबहादुर खत्रीले उनको *नब्बे सालको भैँचालाको सवाई*मा नेपालका तत्कालीन राणा प्रधानमन्त्री जुद्ध शमसेर पश्चिम नेपाल सवारी भएको बेलामा यो भैँचालो गएको हुनाले उनी तुरन्त राजधानी काठमाण्डौ फर्केर आई भूकम्प-

पीडितहरूको उद्धारकार्य र मृतकहरूको श्राद्ध-सद्गति सम्पन्न गरेका कार्यहरूको वर्णन गरेका छन् । खडानन्द शर्माले उनको *नब्बे सालको भैँचालाको सवाई* नेपालमा गएको भैँचालाको सालाखाला विवरण अघि सार्दै यहाँका मानिस मरेका तथा पहाड-पर्वत, नदी-नाला र मन्दिर-देवलहरू ढलेका, भत्किएका र धराशायी भएका लोमहर्षक एवम् विनाशकारी दृश्यको शब्दचित्र प्रस्तुत गरेका छन् । यी तीनैवटा सवाई काव्य नेपाली सवाई काव्यको विकास काल वा दोस्रो चरण (१९४१-१९६२)मा धनवीर भण्डारी रचित *शिलाङ्का भैँचालाको सवाई* वा *भैँचालाको सवाई* (पहिलो भाग, १९५४)को विषयवस्तु एवम् वर्णन शैलीको अनुकरणमा रचिएका सवाई काव्य जस्ता देखिन्छन् । यी तीनै जना सवाईकारहरूले आफ्ना सवाई काव्यमा भूकम्पको वर्णन गर्दा तत्कालीन जनसाधारणका भूकम्पसम्बन्धी मान्यता वा धारणाहरूको पनि उल्लेख गरेका छन् । यी तीनैजना सवाईकारहरूले आ-आफ्ना सवाईहरूमा नब्बे सालको भूकम्पद्वारा हुन गएको क्षय-क्षतिको वर्णन पनि यथासम्भव प्राप्त तथ्यहरूमा आधारमा गरेको पाइन्छ । यस दृष्टिले यी तीनैवटा सवाईकाव्यहरू नेपाली सवाई काव्य परम्परामा उल्लेख्य रहेका देखिन्छन् । तर अपरिष्कृत-अपरिमार्जित भाषा-शैली, आलङ्कारिक पदावलीहरूको कमी, लय-लालित्यको अभाव आदिले गर्दा यी तीनैवटा सवाई काव्यहरूको काव्य-गुणस्तर माथि उठ्न सकेको पाइन्न । भाव-सौन्दर्य र शिल्प-सौन्दर्य दुबैका दृष्टिले प्रस्तुत तीनैवटा सवाई काव्यहरू सामान्य गुणस्तका रहेका पाइने हुनाले नेपाली सवाई काव्य परम्परामा यी तीनवटा सवाई काव्यलाई सामान्य गुणस्तरीय सवाई काव्य मान्नुपर्ने देखिन्छ ।

यहाँ के कुरा उल्लेख्य छ भने शोध-प्रबन्धको आकारमा वृद्धि हुने सम्भावनाले गर्दा विश्लेशण नगरिएका अवशिष्ट तेत्तीसवटा सवाई काव्यहरूका विशेषतासहित मूल्याङ्कन गर्ने काम नगरेर गुणस्तका आधारमा तिनीहरूको मूल्यस्तरमात्र देखाउने काम गरिएको छ । अत: अवशिष्ट तेत्तीसवटा सवाई काव्यहरू मध्ये *काबुलको सवाई, मुक्तियारको सवाई, वि.सं. १९५६ सालको पहिराको सवाई, थरगोत्रप्रवरावली, गोपिनीको सवाई, विष्णुको सवाई, आसाम र शिलाङ्कको सवाई, तिब्बत मिसनको सवाई, अर्जुनगीताको सवाई, जर्मनीका लडाइँको सवाई* (नवलसिंह घर्ती), *जर्मनीको लडाइँको सवाई* (नरेन्द्रनाथ शर्मा), *गङ्गाबाढीको सवाई, काम र क्रोधको सवाई, म्याग्दी ताल परेको सवाई, सूर्यपुराणको सवाई, आत्मब्रह्मको सवाई, गान्धीजीको सवाई, कानिको सवाई, नेपाली भाषाको सवाई, नब्बे सालको भैँचालाको सवाई, रङ्गमहलको सवाई* र *गोर्खा थरगोत्रको सवाई* गरी जम्मा तेईसवटा सवाई सामान्य गुणस्तरका र *सुन सुन राजा पञ्च, दार्जिलिङ्का पहिराको सवाई, धर्म-अधर्मको सवाई, भैँचालाको सवाई, श्री ३ महाराज चन्द्रशमसेरको सवाई, गोदावरी पर्व सवाई, शिवपार्वतीको सवाई, काशीजीको सवाई, श्रीं ५ बात्शाहको राज्याभिषेकको सवाई र मार्कण्डेय पुराणको सदाचार धर्मको सवाई* गरी जम्मा दशवटा सवाई चाहिँ अति सामान्य गुणस्तरका रहेका पाइन्छन् ।

## ७.२. नेपाली सवाई काव्य परम्परामा देखा परेका मुख्य दुर्बलताहरू :

### नेपाली सवाई काव्यका मुख्य-मुख्य दुर्वलताहरू :

वि.सं. १९१२ मा रचित *भोटको लडाइँको सवाई*देखि लिएर वि.सं. २००० सम्म रचिएका नेपाली सवाई काव्यहरूको अध्ययन-अनुसन्धान गर्दा यस काव्य परम्परामा देखा परेका मुख्य मुख्य दुर्बलताहरू निम्नानुसार रहेका पाइन्छन :

(१) नेपाली सवाई काव्य नेपाली समाजका अल्पपठित, काव्य-शास्त्रीय रचना कौशल आदिका ज्ञानबाट बञ्चित सामान्य लोकप्रतिभाको भावुक मनमा तात्कालिक घटना वा परिस्थितिले पारेको प्रभावबाट उत्पन्न भाव-विचारहरूको सहज-स्वाभाविक एवम् नेपाली लोकलयात्मक अभिव्यक्ति हो । सुनियोजित रचना पद्धति, निर्देशनप्रद काव्य-सम्प्रदाय र रचनाकारहरूबीच योगसूत्रको कमी आदि नेपाली सवाई काव्यका मुख्य कमजोर पक्ष हुन् ।

(२) थालनीकालपछि आजसम्मको सय वर्षमा पनि नेपाली सवाई काव्यको भाव-विधान, भाषा-शैली, छन्द-विधान, आयाम-संरचना जस्ता आन्तरिक एवम् बाह्य संरचना-स्वरूपमा परिवर्तन-परिमार्जन हुन नसक्नु नेपाली सवाई काव्यको विकास प्रक्रियामा देखा परेका बाधक तत्त्व हुन । समयका स्वरहरू सवाई छन्द-पङ्क्तिका माध्यमद्वारा त्यति गुञ्जित हुन सकेको अनुभव हुँदैन । अतः नेपाली सवाईकारहरूमा युगबोधको कमी तथा नेपाली सवाई काव्यमा आन्तरिक संरचनागत परिवर्तनको अभाव वा कमी नेपाली सवाई काव्यका दुर्बल पक्ष प्रतीत हुन्छन् ।

(३) सवाई छन्द लोकबाट अनुकृत छन्द-शैली हो । वि.सं. १९०१ मा कवि वसन्त शर्माले यस छन्द-शैलीमा *समुद्र लहरी*को रचना गरेपछि यस लोक छन्दले काव्य शैली बन्ने अवसर प्राप्त गरेको हो । तर त्यसबेलादेखि एक सय वर्ष व्यतीत हुँदा पनि यस छन्द-शैलीको आन्तरिक संरचनामा खास परिवर्तन आउन सकेको र यसको विकास हुन सकेको देखिन्न । समय-समयमा यत्किञ्चित् परिवर्तन नहुने कुनै पनि चिजको युगानुकूल उन्नति वा विकास हुन सक्तैन र त्यस्ता गतिहीन चिजहरू स्वतः महत्त्वहीन र प्रयोगहीन हुँदै जान्छन् । यसरी सामयिक परिवर्तनको परिपन्थी हुनु अथवा युग चेतनालाई अँगाल्न नसक्नु नेपाली लोकलयप्रधान सवाई छन्द र त्यस्ता छन्द-लयमा रचिएका सवाई काव्य दुबैको उल्लेखनीय दुर्बलता हो भन्न सकिन्छ ।

(४) युगरुचिअनुसार विषयगत् विविधतालाई अँगालेर नवीन अभिव्यक्ति प्रदान गर्न सकिएन भने साहित्यको विकास रोकिन्छ । नेपाली सवाई काव्य बाढी, भैँचालो, युद्ध, आगलागी, धार्मिक तथा नीतिसम्बन्धी विषय वर्णनमा मात्र केन्द्रित रहेको देखिन्छ । मानिसले जीवन क्रममा भोगेका कठिनाईहरू, जीवन मरणका समस्याहरू, सामन्ती शासक र उनका सरदारहरूद्वारा गरिएका अन्याय, अत्याचारका कथाहरू; चेलीबेटी, कृतदास तथा शोषित-पीडितहरूका हृदय-प्रसूत मर्मान्तिक आर्तनाद वा सुस्केराहरू; गरिवी र दीनहीन अवस्थामा भोक-भोकै दिन बिताउनुपरेका मानिसका व्यथा-पीडाहरू देशका सुरम्य तराइली, पहाडी वा हिमाली प्राकृतिक दृश्यको मनोहारी चित्रण-वर्णन र मान्छेमात्रलाई छुने माया-प्रीतिका भावनाहरूलाई अभिव्यक्ति दिनेतर्फ नेपाली सवाईकारहरूले चासो वा अभिरुचि देखाएका भए नेपाली सवाई काव्यको परिधि अझ व्यापक बन्ने थियो र यो अझ विकसित हुनसक्ने थियो भन्ने अनुमान गर्न सकिन्छ । यसरी जीवनका विविध फाँटहरू नेपाली सवाई काव्यमा प्रतिविम्बित हुन नसक्नु नेपाली सवाई काव्यका दुर्वलपक्षहरू हुन् ।

(५) सवाई काव्य शैलीले वरण गरेको संवाद विहीन स्वरूप पाठकहरूका निम्ति रुचिकर नभएको प्रतीत हुन्छ । विविध पात्र, संवाद एवम् चरित्रको उचित समावेशले काव्यलाई रमणीय र ग्रहणीय बनाउनुका साथै रुचिकर बनाउँछ; वस्तुमा नाटकीय मोड दिन्छ र भावमा तीव्रता, क्षीप्रता थपेर काव्यलाई उत्कर्षता प्रदान गर्छ । संवाद तत्त्वको उपस्थितिले गर्दा नै नाटकका अतिरिक्त कथा, उपान्यास विधाहरू पनि जनप्रिय बनेका देखिन्छन् भने त्यही काव्य-रुचिवर्द्धक संवादात्मकताको कमी वा अभाव रहेको हुनाले नेपाली सवाई काव्य त्यति स्प्रेणयीय बन्न सकेको अनुभव हुँदैन ।

(६) नेपाली सवाई काव्यहरू मूलतः वर्णनात्मक वा विवरणात्मक शैलीमा रचिएका छन् । विवरणात्मक र वर्णनात्मक काव्य-शैली पाठक-श्रोताहरूका निम्ति क्रमशः अरुचिकर बन्न पुगेको प्रतीत हुन्छ र यसले गर्दा सवाई काव्यबाट नेपाली पाठकहरूको रुचि घट्दै गएको बोध हुन्छ ।

(७) सवाई मूलतः हाम्रा गाउँ ठाउँमा बसोवास गर्ने अशिक्षित वा अल्पशिक्षित ग्राम्यजन तथा लोक-गायक गाइनेहरूद्वारा जीवित राखिएको लोकविधा हो । हाल पाश्चात्य जीवन-शैलीको अनुकरण तथा भौतिकवादी विकास"प्रक्रियाद्वारा हाम्रो सामाजिक जीवनमा ल्याएको प्रभावले जन-संस्कृतिको वाहक ग्राम्य समाजमा विचलन आउनुका साथै लोक-कलाकारहरूको जीवन

पनि असुरक्षित बन्न पुगेको पाइन्छ । वर्तमान अवस्थामा विगतमा झैँ सवाई गायनका माध्यमद्वारा लोक कलाकारहरूको जीविका निर्वाह हुन नसक्ने भएकाले उनीहरू युगानुकूल अन्य अर्थकरी पेशातिर लाग्न बाध्य भएका छन् । यसरी राष्ट्र वा समाज व्यवस्थाले लोक कलाकारहरूलाई सुरक्षा दिन नसक्ने अवस्थामा लोक कलाको जगेर्ना हुन नसकेको देखिन्छ । अतः लोक कलाको प्रमुख विधा सवाई काव्य परम्पराको क्रमशः दुर्बल हुँदै जानुमा यो एक प्रमुख कारण रहको प्रतीत हुन्छ ।

(८) नेपाली सवाईकारहरूले उनीहरूका आफ्ना काव्य रचनाहरूको परिष्कार-परिमार्जन गर्नेतर्फ ध्यान नदिएको हुनाले नेपाली सवाई काव्यको भाव वा विषय उल्लेखनीय रहेको हुँदाहुँदै पनि यसको शैली-सौन्दर्यपक्ष दुर्बल रहेको हुँदा नेपाली सवाई काव्यहरू स्पृहणीय बन्न सकेका देखिन्नन् ।

(९) नेपाली सवाई काव्यहरूको अध्ययन-अनुशीलन गर्दा नेपाली सवाई काव्यहरू कविताको लघु र मझौलो आकारका मात्र रहेका पाइन्छन् । वि.सं. १९०० देखि २००० सम्म रचित, प्रकाशित एवम् उपलब्ध सवाई काव्यहरूमा महाकाव्यीय आयाम-आकार लिन सकेको नेपाली सवाई काव्यहरूको रचना हुन सकेको देखिन्न । *राजा भरथरीको सवाई, अर्जुनगीताको सवाई, सूर्यपुराणको सवाई* जस्ता एकाध सवाई काव्यहरू केही दीर्घआयामका देखिए तापनि यिनीहरूले पनि नेपाली कविता विधाको मझौलो स्वरूप पार गरेर बृहत् रूप वा आयाम अँगाल्न सकेको पाइन्न । अतः वि.सं. १९००-२००० बीचमा महाकाव्य भन्न सुहाउने एउटै पनि सवाई काव्यको रचना हुन नसक्नु नेपाली सवाई काव्यको दुर्बलता नै हो भन्नुपर्ने देखिन्छ ।

## निष्कर्ष :

वि.सं. १९०० देखि थालिएको नेपाली सवाई काव्य परम्परामा देखा परेका मुख्य दुर्बलता सम्बन्धमा माथि गरिएको चर्चालाई छोटकरीमा निम्नलिखित बुँदाहरूमा समेट्न सकिन्छ :

(१) नेपाली सवाई काव्य अपठित वा अल्पपठित लोकप्रतिभाहरूको स्वतःस्फुर्त रचना हुनाले तिनको कुनै सुनियोजित रचना-पद्धति, काव्य-सम्प्रदाय वा रचनाकारहरू बीच कुनै योगसूत्र नहुनु, काव्यको प्रारम्भिक कालीन आन्तरिक संरचनामा पछिसम्म थोरै पनि परिवर्तन हुन नसक्नु नेपाली सवाई काव्यको प्रमुख दुर्वलता रहेको देखिन्छ ।

(२) युग रुचि, युगबोधलाई आत्मसात गर्न नसक्नु; वीर भक्ति र करुण भावबाहेक अन्य भावलाई काव्यमा उतार्न नसक्नु साधारण मानिसका दैनन्दिन समस्याहरूलाई काव्यमा प्रतिविम्बित गर्न नसक्नु; काव्यमा संवादको अभाव हुनुका साथै वर्णनात्मकता र विवरणात्मकतालाई मात्र अङ्गीकार गर्नु सवाई काव्यका अन्यतम दुर्बलताका रूपमा देखा पर्छन् ।

(३) पाश्चात्य जीवन-शैलीले लोकगीत वा संस्कृतिको वाहक ग्राम्य जीवनमा विचलन आएको; लोककलाकारहरूको जीवन असुरक्षित हुन पुगेको र उनीहरूले परम्परागत गायन, पेशा बदल्नु परेको पनि सवाई काव्यले संरक्षकहरूको अभावमा क्षयोन्मुखी हुन परेको देखिन्छ ।

(४) परिष्कार-परिमार्जनको कमी, काव्यिक सौन्दर्यको अभाव; लोकगीतहरूको तुलनामा लामो आयाम हुनु; आधुनिक जीवनमा लोकरञ्जनका विविध, सहजलभ्य, साधन-उपकरणहरू उपलब्ध हुनु आदिले नेपाली सवाई काव्यको विकासक्रम अवरुद्ध भई यो काव्यविधा क्रमशः क्षीण एवम् निस्तेज हुन पुगेको देखिन्छ ।

## ७.३. नेपाली कविताको धारागत विकासमा सवाई काव्यको मुख्य योगदान :

विक्रमको एघारौं शताब्दीतिरबाट विकसित हुन शुरु भएको नेपाली भाषाले मौखिक रूपमा र एकाध शिलालेख, ताम्रपत्रहरूमा र काम चलाउ ग्रन्थादिको रचनामा दीर्घ आठ शताब्दी पार गरिसकेपछि विक्रमको उन्नाईसौं शताब्दीको प्रारम्भिक चरणमा आएर मात्र कवितात्मक अभिव्यक्ति

दिन थालेको पाइन्छ । यसरी नेपाली कविताले आफ्नो प्रारम्भिक यात्राको शुभारम्भ गरी प्रस्तुत शोधको समयावधि (वि.सं. १९०० देखि २०००) पार गरी सक्दा क्रमशः वीरधारा, भक्तिधारा, श्रृङ्गारधारा, जातीय जागरण वा सुधार-संस्कारधारा अथवा परिस्कारवादी धारा तथा रोमान्टिकधारा गरी मुख्य पाँच धाराहरू पार गर्दै विकास-विस्तारका पाइलाहरू चालेको देखिन्छ । नेपाली कविताको यस प्रकारको धारागत विकासका परिप्रेक्ष्यमा नेपाली सवाई काव्यको पनि समानान्तर रूपमा अवलोकन गर्दै जाँदा नेपाली सवाई काव्यको थालनी चाहिँ नेपाली कविताको सँगसँगै नभएर नेपाली कविताले वीरधाराको चरण (१८२६-१८७३) अतिक्रम गरी भक्तिधारामा प्रवाहित हुन थालेको दोस्रो चरण (१८७४-१९४०)को पनि मध्य भागतिर (१९०१)बाट मात्र हुन सकेको पाइन्छ । अतः नेपाली सवाई काव्य परम्पराको प्रारम्भ (१९०१)देखि प्रस्तुत शोधको विवेच्य समायावधिका नेपाली सवाई काव्यको विकास प्रक्रियालाई क्रमिक रूपमा अवलोकन गर्दा नेपाली कविताका विभिन्न चरणहरूमा मुखर रहेको नेपाली वीरत्वको गुणगान गरिएको वीरधारा, अध्यात्म भावनाले पावित भक्तिधारा, श्रृङ्गारिक प्रवृति-प्रबल श्रृङ्गारिकधारा, सुधार-संस्कार वा जातीय जागरण भावप्रधान सुधार-संस्कारधारा र रोमान्टिक धारा जस्ता युगीन प्रवृतिहरूसँग समानान्तर रूपमा प्रवाहित हुँदै आएको नेपाली सवाई काव्यले नेपाली कविताको विकासमा न्यूनाधिक सघाउ पुऱ्याएको पाइन्छ ।

प्राथमिक कालीन नेपाली कविताको पहिलो चरण (१८२६-'७३)का कविहरूले आफ्ना काव्य सिर्जनाका माध्यमद्वारा श्री ५ पृथ्वीनारायण शाहको नेतृत्वमा प्रारम्भ गरिएको नेपाली जाति एवम् नेपाल राष्ट्रको एकीकरण अभियानलाई प्रबल रूपले समर्थन गरी अघि बढाउँदै नेपाली वीर योद्धाहरूको कार्य-कीर्तित्वका साथ साथै तिनको शौर्य-वीर्य एवम् पराक्रमको वर्णन, प्रशंसा तथा महिमा गान गरी हौसला बढाउने कार्य गरेका छन् । प्राथमिक कालको पहिलो चरणमा वीर धारा दोस्रो चरणमा (१८७४-१९४०) प्रवेश गरेपछि भगवत् भक्तिमा प्रवाहित हुन पुगेको पाइन्छ । नेपाली कविताका प्रवृत्तिगत मूलधाराका रूपमा रहेको भक्ति भावप्रधान यस दोस्रो चरण (१८७४-१९४०)का नेपाली सवाईकार बाग्दल डाँगीले सर्वप्रथम नेपाली लोकलयप्रधान सवाई छन्द-शैलीमा *भोटको लडाइँको सवाई* (१९१२) रचना गरेपछि नेपाली सवाई काव्यको लेखन परम्पराको थालनी हुन सकेको पाइन्छ । यसरी नेपाली कविताको मूलधारा भगवत् भक्तिका रूपमा प्रवाहमान रहेको अवस्थामा देखापरेको पहिलो सवाई काव्य *भोटको लडाइँको सवाई*ले भने नेपाल-भोट युद्ध (१९११-'१२)लाई नै वर्ण्य विषयवस्तुका रूपमा अङ्गीकार गरी नेपाली योद्धाहरूको शूरता-वीरताको महिमा गान गर्दै प्राथमिक कालको पहिलो चरणको वीरधारा-प्रवृत्तिलाई ग्रहण गरी अघि बढ्न थालेको देखिन्छ । सुगौली सन्धि (१९७२) पछि नेपाली कविताको वीरधाराको प्रवाहमा आएको मन्द गतिलाई यदुनाथ पोखरेलका 'स्तुतिपद्य- १, २, ३' ले केही गतिदिने प्रयास गरेका थिए भने त्यस प्रयासलाई *भोटको लडाइँको सवाई*ले थप सहयोग गरेको देखिन्छ । यसपछि रचिएको *काबुलको सवाई* (१९१९)ले पनि वीर वन्दना वा नेपाली वीरता-शूरताको गुणगान गर्ने प्रवृत्तिलाई नै अङ्गीकार गरेको छ भने तत्कालीन नेपालका अत्यन्त प्रभावशाली व्यक्तित्व, युग-नायक जङ्गबहादुर राणाको मृत्यु-शोकमा रचिएको *जङ्गबहादुरको सवाई* (१९३३)मा पनि दिवङ्गत जङ्गबहादुरका गुणावली तथा सत्कार्यहरूकै स्मरण एवम् प्रशंसा मुखरित भएको पाइन्छ । यसैको समसामयिक *मुक्तियारको सवाई* (१९३३) पनि क्षेत्रीय लोक नायककै गुणगान र प्रशंसाका रूपमा रचिएको नेपाली सवाई काव्य हो । यसरी नेपाली कविताको प्राथमिक कालको दोस्रो चरणमा भक्ति वा आध्यात्मिक भावप्रबल भक्तिधाराको स्थापना भई भक्तिरसप्रधान नेपाली काव्य रचना गर्ने मेहेरो चलिसकेको मध्य-मुहूर्तमा थालिएको नेपाली सवाई काव्यले चाहिँ नेपाली वीरता एवम् शूरताको गुणगान गर्ने स्वाभिमानलाई नेपाली लोकलयका माध्यमबाट जीवन्त राख्ने प्रयास गरेको पाइन्छ । यसरी नै नेपाली लोकलयप्रधान सवाई काव्य परम्पराका परवर्ती *मनिपुरका लडाइँको सवाई* (१९४०), *अब्बर पहाडको सवाई* (१९५०), *जर्मनीको लडाइँको सवाई* (१९६३), *नागाहिलको सवाई* (१९७०) र *वीर बलभद्र* (२०५०) प्रभृति वीर भावप्रधान सवाई काव्यहरूले नेपाली वीर विभूतिहरूको गुणगान गर्ने प्रवृत्तिलाई लोकलयका माध्यमबाट निरन्तरता दिने प्रयास गरेको बोध हुन्छ । यसरी माध्यमिक कालमा नेपाली

कविताको श्रृङ्गारधाराको समानान्तर रूपमा नेपाली सवाई काव्य चाहिँ वीरधाराका प्रवृत्तिहरूलाई अँगाल्दै अघि बढ्दै गरेको पाइन्छ । त्यसैले, नेपाली कविताको माध्यमिक कालमा वीर भावप्रधान काव्य रचना हुन नसकेको अवस्थामा लोक काव्यका रूपमा रचिएका यिनै सवाई काव्यहरूले परवर्ती आधुनिक कालमा रचिएका *कुञ्जिनी* (२००२), *रावण जटायु युद्ध* (२००३), *महाराणा प्रताप* (२००३), *कटक* (प्रका. २०२६), *देवासुर सङ्ग्राम* (२०२०), *युद्ध र योद्धा* (२०२५) र *वीर बलभद्र* (२०५०) प्रभृति वीर भावप्रधान काव्य रचनाहरूसँग योगसूत्र स्थापना गर्ने सेतुको भूमिका निर्वाह गरेका छन् भन्न सकिन्छ ।

प्राथमिक कालीन नेपाली कविताको पहिलो चरण (१८२६-'७३) का काव्य कृतिहरू मौलिक रचना रहेका छन् भने दोस्रो चरण चाहिँ मूलत: अनुवादप्रधान रहेको देखिन्छ । यस चरणका कविहरूले *रामायण, महाभारत* तथा *भागवत्* आदि ग्रन्थहरूको आंशिक वा पूर्ण अनुवाद-रूपान्तरणको सहयोग लिई काव्य रचना गरेका छन् भने माध्यमिक काल (१९४०-'७५)का कविहरूमा पनि यस्तो प्रवृत्ति छिट्फुट रूपमा रहेको पाइन्छ; तर नेपाली सवाईकारहरूले चाहिँ यस माध्यमिक कालमा पनि मौलिक सवाई काव्यहरू रचना गरेर नेपाली सवाई काव्यलाई गति प्रदान गरेको देखिन्छ । अत: मौलिक काव्य सिर्जना गर्ने वातावरण वा प्रवृत्तिको विकास गराउन नेपाली सवाई काव्यको उल्लेखनीय भूमिका रहेको पाइन्छ र यसलाई नेपाली कविताको विकासमा नेपाली सवाई काव्यले पुऱ्याएको थप सहयोग मात्र नभनेर महत्त्वपूर्ण वा उल्लेखनीय सहयोग मान्न सकिन्छ ।

ईश्वर भक्ति तथा आध्यात्मिक भावप्रधान नेपाली कविता मूलत: सगुण एवम् निर्गुण-दुई धारामा विभक्त रहेको पाइन्छ भने सगुणवादी काव्यधारा पनि रामाश्रयी एवम् कृष्णाश्रयी गरी अरु दुई उप-धारामा विभक्त रहेको पाइन्छ । सगुणवादी कविहरूले संस्कृतका *श्रीमद्भागवत्, रामायण* तथा *महाभारत*मा वर्णित श्री कृष्ण, श्री रामचन्द्र तथा शिव, दुर्गा, गणेश आदि देव-देवीका लीला-क्रीडा वा गुणगानप्रधान आख्यानहरूलाई नेपालीमा अनुवाद-रूपान्तरणको माध्यमबाट काव्यात्मक रूप दिने प्रयास गरेका छन् । निगुर्णवादी भक्ति धाराका कविहरूले चाहिँ निर्गुण, निराकार, निरञ्जन परब्रह्मको महिमागान गाएका छन् । नेपाली कविताको निर्गुणवादी भक्तिधारालाई नेपाली सवाईकारहरूले पनि सादर ग्रहण गरेर निर्गुण-निराकार ब्रह्मको महिमादिलाई नेपाली लोकलयप्रधान सवाई छन्दका माध्यमवाट अभिव्यक्ति दिने काम गरेका छन् । प्राथमिक कालका अन्त्यतिरका ज्ञानदिल दासले *उदय लहरी* (१९३३) रचना गरेर निर्गुण-निराकार ब्रह्मोपासना गर्ने परम्परालाई अघि बढाएको देखिन्छ । यसपछि निर्गुणवादी नेपाली भक्ति काव्यलाई बबगुनी गुरुङ्ले *ब्रह्मतत्त्वको सवाई* (१९५०), रहरसिंह राईले *भक्तिको सवाई* (१९५८), प्रतिमानले *राजा भरथरीको सवाई* (१९६०) र सोऽहमराज गुरुङ्ले *आत्मब्रह्मको सवाई* (१९९२)को रचना गरेर निरन्तर गति दिने प्रयास गरेको देखिन्छ । यसरी नेपाली लोकलयप्रधान सवाई छन्द अँगालेर नेपाली सवाई काव्य रचना गर्ने सवाईकारहरूले नेपाली कविताको निर्गुणवादी भक्तिधारालाई निरन्तरता दिने क्रममा उल्लेखनीय योगदान पुऱ्याएको देखिन्छ ।

त्यस्तै, श्रीरामचन्द्र, श्रीकृष्ण, शिव, दुर्गा, विष्णु, गणेश आदि देव-देवीका लीला, क्रीडा र महिमा गानमा आधारित नेपाली कविताको सगुण भक्तिधाराका प्रवाहलाई पनि *गोपिनीको सवाई* (१९५८), *धर्म अधर्मको सवाई* (१९६०), *अर्जुनगीताको सवाई* (१९६५), *शिवपार्वतीको सवाई* (१९६५) र *सूर्यपुराणको सवाई* (१९८२) प्रभृति सवाई काव्यहरूले निरन्तरता प्रदान गर्न थप सहयोग पुऱ्याएकै देखिन्छ ।

नेपाली सवाई काव्यले नेपाली लोकलयप्रधान सवाई छन्द-शैली नेपाली काव्य जगत्लाई दिएको बहुमूल्य उपहार हो । नेपाली कविताको प्राथमिक कालको दोस्रो चरण (१८७३-१९४०)को मध्यावधिसम्म मौखिक वा श्रुति परम्परामा रहेको सवाई छन्द-शैली अँगालेर कवि वसन्त शर्माले *समुद्र लहरी* (१९००)को रचना गरेपछि बागदल डाँगी, नरबहादुर राना मगर, ज्ञानदिलदास, बबगुनी गुरुङ्, धनवीर भण्डारी, प्रतिमान, रेवतीरमण भट्टराई, धरणीधर कोइराला र खडानन्द शर्मा प्रभृति

कविहरूले सवाई छन्द अँगालेर कविता-काव्य रचना गर्ने परिपाटीलाई अघि बढाएका हुनाले सवाई छन्दमा काव्य रचना गर्ने परिपाटीले अधुनातन समयावधिसम्म निरन्तरता पाएको छ र यो काव्य-शैलीको आसनमा प्रतिष्ठित पनि हुन पुगेको छ । यसरी नेपाली लोकलयप्रधान सवाई छन्द आजका अधुनातन काव्य स्रष्टाहरूको भावाभिव्यक्तिको माध्यम बन्न सकेको पाइन्छ ।

प्राथमिक कालीन नेपाली कविताले झैं नेपाली सवाई काव्यले पनि नेपाली जनमानसका वीर, लडाकू प्रवृत्तिलाई दर्शाएको छ र नेपालीका धार्मिक-सामाजिक-सांस्कृतिक जीवनका सभ्य शिष्ट पक्षलाई उद्घाटित गर्न सकेको छ । नेपाली कविताको उपर्युक्त सभ्य-शिष्ट र शालीन-धार्मिक प्रवृत्ति माध्यमिक काल (१९४१-१९७५)मा आईपुग्दा श्रृङ्गारिक प्रवृत्तिमा परिवर्तित र विकसित भएको पाइन्छ; तर सवाई नेपाली सवाई काव्यले भने प्रारम्भिक कालमा वरण गरेको काव्य प्रवृत्तिलाई माध्यमिक कालीन श्रृङ्गारिकताको प्रबल प्रवाहमा पनि बचाएर राख्न सफल भएको पाइन्छ । नेपाली सवाई काव्य परम्पराले प्राथमिक कालदेखि संरक्षण गरी ल्याएको यो शिष्ट-शालीन काव्य-प्रवृत्ति आधुनिक कालको पहिलो चरण (१९७५-१९९०) तिर परिष्कारवादी, नव-जागरणवादी वा पुनर्जागरणवादी धारा आदि नामले लेखनाथ पौड्यालको नेतृत्वमा पुनरुज्जीवित वा पुन: संस्थापित हुन पुगेको प्रतीत हुन्छ । अत: नेपाली समाज सँगसगै जन्मिएको-हुर्किएको धार्मिक-आध्यात्मिक भक्तिभाव नेपाली कविताको माध्यमिक कालमा आइपुग्दा श्रृङ्गार भावले केही थिचिएको जस्तो अनुभव हुन्छ तापनि नेपाली सवाई काव्यले चाहिँ त्यस धार्मिक-अध्यात्मिक भक्तिभावलाई श्रृङ्गारले नबिटुल्याइकन कञ्चन राख्न सकेको र त्यसलाई गति प्रदान गर्न सकेको छ भन्न सकिन्छ ।

अधिकांश नेपाली सवाई काव्यहरू विगतमा घटेको स्मर्तव्य घटनामा आधारित रहेका पाइन्छन् । वितेका दिनहरूमा देखा परेका वा आई परेका स्मरणीय घटनाहरूलाई समाजका लोक प्रतिभाहरूले नेपाली लोकलयप्रधान सवाई छन्दमा वर्णन गरी सवाई काव्य श्रृङ्खलाको सिर्जना गरेको देखिन्छ । *भोटको लडाइँको सवाई* (१९१२), नेपालको विस्तृतीकरण-एकीकरण सन्दर्भमा छिमेकी भोटसँग परेको लडाइँको ऐतिहासिक घटना हो भने तत्कालै नेपालका प्रधानमन्त्री तथा ऐतिहासिक व्यक्तित्व जङ्गबहादुर राणाको शिकार यात्राक्रममा मृत्युको चाक्षुस काव्य विवरण हो *जङ्गबहादुरको सवाई* (१९३३) । त्यसैगरी *काबुलको सवाई* (१९९९), *मनिपुरका लडाइँको सवाई* (१९५०), *अब्बर पहाडको सवाई* (१९५१), *दार्जिलिङ्का पैह्राको सवाई* (१९५६), *जर्मनीको लडाइँको सवाई* वा *युरोप महाभारत* (१९७७), *तिब्बत मिसनको सवाई* (१९६३), *नागाहिलको सवाई* (१९७०), *खिकामाछा जलेको सवाई* (१९७८) र *नब्बे सालको भैँचालाको सवाई*हरू (१९९१-'९२) आदि नेपालभित्र वा बाहिर घटेको ऐतिहासिक स्मरणीय घटनाहरू देखेर, सुनेर एवम् अनुभव गरेर रचिएका सत्य घटनामा आधारित सवाई काव्य हुन् । त्यसैले यस्ता सवाई काव्यहरूलाई इतिहासले बिर्सेका-छाडेका वा इतिहासमा नलेखिएका दस्तावेज हुन भन्न सकिन्छ । इतिहासका पानामा वर्णित हुनबाट बचेका वा ओझेलमा परेका घटनाहरू पनि नेपाली सवाई काव्यका माध्यमद्वारा जानकारीमा आउन सकेका देखिन्छन् । वस्तुत: इतिहास विगतमा घटेका घटनाहरूको स्थूल वा सोलोडोलो विवरण हो र त्यहाँ घटनाको उल्लेख मात्र हुने गर्छ भने ऐतिहासिक घटनाको साहित्यिक प्रतिपादनमा भने त्यसका दृष्ट-अदृष्ट, सूक्ष्म-बृहत् सबै पक्ष छर्लङ्गिनुका साथै घटनाबारे रहेको रचनाकारको दृष्टिकोण समेत सन्निबिष्ट रहेको हुन्छ । अत: नेपाली सवाई काव्यहरू इतिहासकारले टिप्न नपाएका, टिप्नबाट छुटेका र इतिहास(कार)का नजरबाट ओझेलमा परेका तथा जनसमक्ष आउन बाँकी रहेका ऐतिहासिक दस्तावेजहरू हुन् । त्यसैले नेपाली सवाई काव्य नेपालीका उल्लिखित जातीय इतिहास हुन् र नेपाली साहित्यमा यस काव्य-परम्पराको उल्लेखनीय योगदान रहेको छ भन्न सकिन्छ ।

लोककवि वा लोकप्रतिभाहरूका रचना भनिएका सवाई काव्यहरू नेपाली कविताका परवर्ती स्रष्टाहरूका निम्ति अनुकरणीय प्रेरणा स्रोत बेनेका छन् । वस्तुत: आधुनिक कवितामा पाइने नवीन-नवीन प्रवृत्ति वा पक्षहरू परम्परा प्राप्त अनुभवका आधारमा विकसित हुँदै गतिशील हुने गर्दछन् । नवीन वस्तु एकै पटकमा बन्न सक्दैन । यस क्रममा *जङ्गबहादुरको सवाई* (१९३३)मा वर्णित शोकमय

अभिव्यक्ति-कला, विषयवस्तुका चयन, शोकप्रधान भाव प्रवहण आदि काव्य कौशलको प्रत्यक्ष वा अप्रत्यक्ष अनुकरण वा प्रभाव प्रेरणा परवर्ती काव्यहरूमा पर्न गएको वास्तविकतालाई उपेक्षा गर्न सकिन्न । लेखनाथ पौडेलका *अमर ज्योतिको सत्य स्मृति* (२००९), भीमनिधि तिवारीका *तर्पण* (१९९४) र *यशस्वी शव* (२०१३), माधवप्रसाद घिमिरेको *गौरी* (२००४) आदि काव्यलाई यसका सबल उदाहरणका रूपमा लिन सकिन्छ ।

नेपाली सवाई काव्य मूलतः परम्परागत नेपाली लोकलयप्रधान सवाई छन्द-शैलीमा रचिएका पाइए तापनि एकाध सवाईकारहरूले आफ्ना रचनाहरू मात्रिक तथा वर्णमात्रिक छन्द-शैलीमा पनि रचना गरेका छन् । यसरी नेपाली कविहरूले सवाई, लहरी, भजन, झ्याउरे आदि लोकलयप्रधान छन्दमा रचना गरेका काव्यहरू लोकप्रिय पनि बनेका पाइन्छन् । लहरीकार वा सवाईकारहरूले आफ्ना काव्यहरूमा प्रयोग गरेको नेपाली लोकलयप्रधान छन्द-शैलीमध्येको झ्याउरे छन्दलाई परिष्कृत-परिमार्जित गरी लक्ष्मीप्रसाद देवकोटाले *मुनामदन* (१९९३) र *कुञ्जिनी* (२००२); माधवप्रसाद घिमिरेले *नयाँ नेपाल* (गीति कविता, २०१३) र *किन्नर किन्नरी* (काव्य गीत, २०३२); *पापिनी आमा* ( २०१० ), नीरविक्रम प्यासीले *तडपन, जलन र आँशु* (गीति कविता, २०१०); बैकुण्ठप्रसाद लाकौलले *वीर बलभद्र* (२०५०) आदि खण्डकाव्य तथा लक्ष्मीप्रसाद देवकोटाले *पृथ्वीराज चौहान* (प्र. २०४१ ) जस्ता महाकाव्य; गोपाल पाण्डेले *ह्रस्व-दीर्घको सवाई* (१९९७); जनकप्रसाद हुमागाइँले *खोलो साँघु* वा *घर परिवारको सवाई* (२०२५) तथा बूँद रानाले *अब किन मान्थिन ?* (२०५०) जस्ता लोकप्रिय एवम् स्तरीय काव्यहरूको सिर्जना गरेको पाइन्छ । अतः नेपाली कविताको विकासमा नेपाली सवाई काव्यको योगदान स्मरणीय छ भन्न सकिन्छ ।

नेपाली सवाईकारहरूले सवाई काव्यहरूको रचना गरेर नेपाली साहित्य जगत्मा रहेको युद्ध-साहित्य (War Literature)को अभावलाई पूर्ति गरिदिएको अनुभव हुन्छ । विश्वमा नेपाली जाति वीर, योद्धा र लडाकु जातिको रूपमा प्रसिद्ध र परिचित छ र यस जातिले देश-विदेशमा अनेकौं सङ्ग्राम लडेको छ; तर नेपाली कवि-साहित्यकारहरूले नेपाली जातिले लडेका लडाइँसम्बन्धी विषयलाई आफ्नो काव्यको मूल विषय बनाएर कविता-काव्य थोरै मात्र रचना गरेको देख्न पाइन्छ । नेपाली सवाईकारहरूले *भोटको लडाइँको सवाई* जस्ता युद्ध विषयप्रधान सवाई काव्य रचना गरेर नेपाली कविताको एउटा ठूलो खाडल पूर्ति गर्न सकेको देखिन्छ र यस सन्दर्भमा नेपाली कविताको विकासमा नेपाली सवाई काव्यको योगदान स्मरणीय र सराहनीय रहेको पाइन्छ ।

## निष्कर्ष :

वि.सं. १९०० देखि थालिएको नेपाली लोकलयप्रधान सवाई काव्य परम्पराले वि.सं. २००० सम्म सम्पन्न गरेको यात्रा क्रममा नेपाली साहित्यको विकासमा पुऱ्याएको योगदानसम्बन्धी उपर्युक्त चर्चालाई छोटकरीमा निम्नलिखित बुँदाहरूमा समेट्न सकिन्छ :

(१) नेपाली कवितामा वि.सं. १८२६ देखि प्रारम्भ भएको वीरधारा १८७२ सम्ममा केही शिथिल हुन गई भक्तिधाराको प्रबलता भएको बेलामा नै नेपाली लोकलयप्रधान सवाई काव्यको प्रचलन *भोटको लडाइँको सवाई* (१९१२)बाट हुन सकेको देखिन्छ र नेपाली काव्यमा वीरत्वको गुणगान वा वीरधाराको प्रवाह नेपाली कविताको माध्यमिक काल (१९४१-१९७४) भरी यथावतै रहेको छ । यो प्रवृत्ति परवर्ती आधुनिक कालमा (१९७५ यता) पनि यथावत् रहेकाले नेपाली कवितामा वीरत्वबोध व्यञ्जक भावनाले नेपाली सवाई कविताको माध्यमद्वारा निरन्तरता प्राप्त गरेको छ । त्यसैले वीरधाराका प्रवृत्ति अँगालेर काव्य रचना गर्ने अधुनातन नेपाली कवि-साहित्यकारका निम्ति नेपाली सवाई काव्य दरो पृष्ठभूमिका रूपमा रहेको छ ।

(२) नेपाली साहित्यको थालनी कालका केही वर्षहरूमा अनुवाद, अनुकरणको आधिक्य पाइनु स्वाभाविक हो । तर नेपाली कविताको प्रारम्भिक कालदेखि नै आफ्नो यात्रा शुरु गर्ने नेपाली

सवाई काव्यहरू भने पूर्णत: मौलिक छन् र परवर्ती कालमा पनि मौलिक सवाई काव्यहरू रचिएका छन् । अत: नेपाली सवाई काव्य परम्पराले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नेपाली कवि-लेखकहरूलाई मौलिक काव्य रचना गर्ने प्रेरणा प्रदान गरेको छ भन्न सकिन्छ ।

(३) आध्यात्मिक-धार्मिक भावप्रधान सवाई काव्यहरू निर्गुण-सगुण दुबै थरीका रहेका भए तापनि निर्गुण भक्ति परम्परालाई अँगालेर सवाई काव्य रचना गर्ने नेपाली सवाईकारहरूले नेपाली समाजमा प्रचलित देव-देवीको पूजा-उपासना प्रणालीलाई पनि पूरै उपेक्षा गरेको चाहिँ पाइन्न । यस दृष्टिले हेर्दा नेपाली कविताहरूमा पाइने धार्मिक सहिष्णुता, धार्मिक समन्वयवादी भावनाको विकास गराउन नेपाली सवाई काव्यले पनि थप सहयोग पुऱ्याएका छन् भन्न सकिन्छ ।

(४) नेपाली सवाई काव्य मूलत: नेपाली लोकलयप्रधान सवाई छन्द-शैलीमा रचिएका छन् । यस दृष्टिले हेर्दा नेपाली सवाई काव्यले नेपाली लोकलयप्रधान सवाई छन्दलाई काव्य-शैलीका आसनमा प्रतिष्ठित गराउन उल्लेखयोग्य भूमिका लिएको देखिन्छ ।

(५) नेपाली सवाई काव्यको माध्यमद्वारा नेपाली कविताको माध्यमिक कालमा विच्छिन्नप्राय: भएको भएको वीरत्व भावप्रधान काव्य रचना गर्ने श्रृङ्खला आधुनिक कालसम्म जोडिन पुगेको छ ।

(६) नेपाली कवितामा जातीय पुनर्जागरणको निम्ति प्रेरणा दिन सवाई काव्य परम्पराको भूमिका उल्लेख्य रहेको छ ।

(७) प्रारम्भ कालदेखि नै मूलत: आख्यान सापेक्ष रही आएको नेपाली सवाई काव्य परवर्ती नेपाली खण्डकाव्य परम्परामा आख्यान समावेश सम्बन्धमा सहयोगी बन्न सकेको छ ।

(८) घटनाप्रधान नेपाली सवाई काव्यहरू नेपाली इतिहासका अलिखित दस्तावेजहरू हुन् ।

(९) नेपाली कविताको आधुनिक युगका शोक-भावप्रधान काव्य रचनामा नेपाली सवाई काव्य पृष्ठभूमिका रूपमा रहेको प्रतीत हुन्छ ।

(१०) नेपाली सवाई काव्यले नेपाली साहित्यमा युद्धप्रधान काव्यको कमीलाई पूर्ति गरेको छ ।

(११) नेपाली सवाई काव्य परम्पराले नेपाली लोकलयप्रधान सवाई छन्द-शैलीलाई मौखिक वा श्रुति परम्परादेखि विस्मृत हुनबाट बचाएर आजको साहित्यिक समाजसम्म ल्याई पुऱ्याएको छ ।

***